**१. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण :**

**सूचना सार्वजनिक गर्ने निकायको नाम :- नेपाल ट्रष्टको कार्यालय, दरबारमार्ग**

**सूचना सार्वजनिक गरिएको अवधि :- २०७३ वैशाख देखि २०७३ आषाढ मसान्तसम्म**

**क) निकायको स्वरुप र प्रकृति**

नेपालको अन्तरिम संविधान, २०६३ को भाग २३ धारा १५९ मा स्वर्गीय राजा वीरेन्द्र तथा निजका परिवारहरुको नाममा रहेको चल अचल सम्पत्तिहरु राष्ट्रियकरण गरी सामाजिक कार्यमा लगाइने संवैधानिक व्यवस्था अनुरुप नेपाल ट्रष्ट अध्यादेश, २०६४ जारी भइ मिति २०६४ साल मंसिर ६ गते अविछिन्न उत्तराधिकारवाला स्वशासित संस्थाको रुपमा नेपाल ट्रष्ट स्थापना भइ नेपाल ट्रष्टको कार्यालय संचालन भएको हो । सोही वर्षमा नै नेपाल ट्रष्ट ऐन, २०६४ जारी भइ कार्यान्वयनमा आएको छ । नेपाल ट्रष्टको संरक्षक सम्माननीय प्रधानमन्त्री हुने र ट्रष्टको नीतिगत तथा निर्णायक तहमा माननीय गृहमन्त्रीको अध्यक्षतामा एक संचालक समिति (वोर्ड अफ ट्रष्टिज्) रहने व्यवस्था छ । यसै गरी कार्यान्वयन गर्ने निकायको रुपमा नेपाल सरकारका विशिष्ट श्रेणीका कार्यकारी सचिवको नेतृत्वमा नेपाल ट्रष्टको कार्यालय रहेको छ ।

**ख) निकायको काम, कर्तव्य र अधिकार**

नेपाल ट्रष्टलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक सम्पूर्ण कार्य गर्ने अख्तियारी नेपाल ट्रष्ट ऐन, २०६४ ले सञ्चालक समितिलाई प्रदान गरेको छ । यस अनुसार ट्रष्टको सम्पत्तिको समुचित व्यवस्थापन र आय आर्जनका लागि नीतिगत व्यवस्था गर्ने, ऐनको उद्देश्य प्राप्त गर्न आवश्यक कार्यक्रमहरु स्वीकृत गर्ने, आवश्यक निर्देशिका एवं कार्यविधिहरु जारी गर्ने लगायतका ट्रष्ट सञ्चालन सम्बन्धी कार्यहरु पर्दछन् । सञ्चालक समितिको मुख्य काम, कर्तव्य

र अधिकारका सम्बन्धमा नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ९ को उपदफा (१) ले गरेको कानूनी व्यवस्था देहाय बमोजिम रहेको छ ।

(क) ट्रष्टको सम्पत्तिको समुचित व्यवस्थापन गरी यसको संभार र संरक्षण गर्ने,

(ख) राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको ऐनको दफा ४ बमोजिम ट्रष्टमा रहनु पर्ने सम्पत्तिको नेपाल भित्र वा नेपाल बाहिर खोज तलास गर्ने, त्यसको वास्तविक स्थिति पत्ता लगाई यथार्थ विवरण सहितको अभिलेख राख्ने,

(ग) ट्रष्टको स्वामित्वमा आउनु पर्ने ऐनको दफा ४ बमोजिमको सम्पत्ति ट्रष्टको नाममा नामसारी, दाखेल खारेज गराई ट्रष्टको हक सुरक्षण गर्ने,

(घ) ट्रष्टको सम्पत्ति ऐनको दफा ५ बमोजिम राष्ट्रहितमा प्रयोग गर्ने,

(ङ) ट्रष्टको सम्पत्ति यस ऐनको उद्देश्य पूरा गर्न आय आर्जन हुने कार्यमा लगानी गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

यसरी संचालक समितिले लिएका नीतिगत निर्णयहरु तथा अन्य निर्णयहरुको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी नेपाल ट्रष्टको कार्यालयको रहेको छ ।

## (ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल ट्रष्टको कार्यालयमा नेपाल सरकारको विशिष्ठ श्रेणीका कार्यकारी सचिवको नेतृत्वमा कुल २६ जना कर्मचारीहरुको स्वीकृत दरबन्दी रहेको छ । जुन यस प्रकार छ ।

| सि.नं. | स्वीकृत दरबन्दी विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | पदको नाम | पद संख्या | श्रेणी | सेवा | समूह | उपसमूह |
| १ | कार्यकारी सचिव | १ | विशिष्ट | - | - | - |
| २ | सह सचिव | १ | रा.प्र. प्रथम | प्रशासन | प्रशासन | - |
| ३ | उप सचिव | १ | रा.प्र. द्वितीय | प्रशासन | समान्य प्रशासन | |
| ४ | उप सचिव | १ | रा.प्र. द्वितीय | वन | बोटानी | |
| ५ | उप सचिव | १ | रा.प्र. द्वितीय | न्याय सेवा | कानून | |
| ६ | शाखा अधिकृत | ३ | रा.प्र. तृतीय | प्रशासन | सामान्य प्रशासन | |
| ७ | लेखा अधिकृत | १ | रा.प्र. तृतीय | प्रशासन | लेखा | |
| ८ | नापी अधिकृत | १ | रा.प्र. तृतीय | ईन्जिनियरिङ्ग | सर्भे | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | नायब सुब्बा | ४ | रा.प. अंन | प्रशासन | सामान्य प्रशासन | |
| १० | लेखापाल | १ | रा.प. अंन | प्रशासन | लेखा | |
| ११ | सर्भेक्षक | १ | रा.प. अंन | ईन्जिनियरिङ्ग | सर्भे | |
| १२ | कम्प्युटर अपरेटर | १ | रा.प. अंन | विविध | प्रशासन | |
| १३ | हलुका सवारी चालक | ३ | श्रेणी विहिन | ईन्जिनियरिङ्ग | - | |
| १४ | कार्यालय सहयोगी | ६ | श्रेणी विहिन | - | - | |

यसको अलावा यस कार्यालय अन्तर्गत रहेका देहायका इकाई कार्यालयहरुमा देहायको संख्यामा विभिन्न पद तथा श्रेणीका कर्मचारीहरु कार्यरत रहेका छन्।

१. इकाई कार्यालय, राजनिकुञ्ज, गोकर्ण - ९ जना

२. ईकाई कार्यालय, रत्नमन्दीर पोखरा -१८ जना

३. इकाई कार्यालय, कान्तिईश्वरी गृह, हेटौंडा - ५ जना

४. इकाई कार्यालय, दियालो बंगला, चितवन - ७ जना

५. इकाई कार्यालय, थानसिङ्ग, नुवाकोट - ३ जना

**(घ) निकायबाट प्रदान गरिने सेवा**

नेपाल ट्रष्टको कार्यालय, नेपाल ट्रष्टको व्यवस्थापन सम्बन्धमा संचालक समितिले लिएका नीतिगत तथा अन्य निर्णयहरु कार्यान्वयन गर्ने निकाय भएको र यस कार्यालयको प्रत्यक्ष सरोकार सर्वसाधारणको सेवा प्रदानमा रहेको देखिदैन । यसका बाबजुद ट्रष्टको उद्देश्य, ट्रष्टको जानकारी, ट्रष्टका भावि कार्यक्रम तथा योजना जस्ता विषयमा सर्वसाधारणको जिज्ञासा र कार्यालयको वार्षिक कार्यक्रमहरु मार्फत सुचना / जानकारी सम्बन्धी सेवा प्रदान गरिदै आएको छ ।

**(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

उल्लेखित सेवाहरु प्रदान गर्न र कार्यहरु गर्नका लागि यस कार्यालयमा सम्पत्ति व्यवस्थापन तथा प्रशासन शाखा, योजना तथा अनुगमन शाखा, कानून तथा परामर्श शाखाहरु रहेका छन् । सेवा तथा कार्य गर्न विषयको उठान सम्बन्धित शाखाबाट हुने र विषय हेरी संचालक समितिको निर्णय वा

कार्यकारी सचिवको निर्णयबाट सेवा प्रदान/ कार्यक्रम गर्ने गरिएको छ। संचालक समितिको निर्णय कार्यान्वयन गर्ने / गराउने तथा सेवा प्रदानको जिम्मेवार अधिकारी कार्यकारी सचिव हुने गरेको छ।

**(च) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि**

सामान्यतया यस कार्यालयबाट सेवा प्राप्त गर्न कुनै दस्तुर लाग्दैन तर प्रचलित कानूनले कुनै सेवा प्राप्त गर्न दस्तुर तोकेको अवस्थामा भने सोही अनुसार दस्तुर तिर्नुपर्ने हुन्छ। साथै कुनै सेवाको लागि समय किटान समेत भएको छैन । प्रचलित कानूनले समय किटान गरेको अवस्थामा सोही अनुसार हुने गरेको छ।

**(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी**

नेपाल ट्रष्टको संचालन सम्बन्धमा नीतिगत र निर्णयात्मक अधिकार संचालक समितिलाई रहेको छ भने संचालक समितिले गरेका निर्णयहरुलाई कार्यान्वयन गर्न ट्रष्ट कार्यालयको कार्यकारी सचिवको नेतृत्वको टोली जिम्मेवार हुने अवस्था छ । यसै गरी ट्रष्टको कार्यालयका दैनिक प्रशासनिक काम कारवाही टिप्पणीको माध्यमबाट निर्णय भएपछि हुने गरेको छ। कामको प्रकृति र प्रत्यायोजित अधिकार हेरी संचालक समिति, कार्यकारी सचिव वा सहसचिवस्तरको निर्णयबाट प्रदान गर्ने गरिएको छ।

**(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी**

कार्यालयबाट प्रदान गरिएको कार्य/ सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा दैनिक प्रशासनिक प्रकृया अन्तर्गतका सेवाको लागि गुनासो अधिकृत मार्फत कार्यकारी सचिव समक्ष गुनासो गर्न सकिने व्यवस्था छ। प्राप्त उजुरी / गुनासोहरु कार्यकारी सचिवबाट सुनुवाई हुने व्यवस्था छ।

**(झ) सम्पादन गरेको कामको विवरण**

नेपाल ट्रष्टमा यसको स्थापना काल देखि हालसम्म २१५५३ रोपनी १३ आना ० पैसा १ दाम जग्गाको स्वामित्व आइसकेको छ । चल सम्पत्तिको हकमा नेपाल ट्रष्ट कोषमा आ.व. २०७१/२०७२ मा रु. ३४,०७,५६,३३५ ।५१ भएकोमा आ.व. २०७२/२०७३ मा रु.

७,१०,३८,७५६।५५ ले वृद्धि भइ हालसम्म रु. ४१,१७,९५,०९२।०६ जम्मा भएको छ । त्यस्तै शेयर तर्फ नविल बैंक लिमिटेडको २,५७,६४२ कित्ता, होटेल डेला अन्नपुर्णको ३०,७२० कित्ता र नेपाल इण्डष्ट्रियल डेभलपमेण्ट बैंकको ६,७५० कित्ता गरी कुल शेयर कित्ता २९५११२ नेपाल ट्रष्टको स्वामित्वमा रहेको छ । यसरी नै कोषको नाममा प्रभु बैंकमा ४७,६५६।३० स्टरलिंग पाउण्ड समेत रहेको छ । साथै यसै अवधिमा भेटिएको यु.एस. डलर $ १३७,०१४।६० मिति २०७२/५/१० मा सेन्चुरी कमर्सियल बैंकमा जम्मा गरिएको छ ।

**हालसम्मको प्रमुख उपलब्धीहरु**

नेपाल ट्रष्ट कार्यालयको स्वामित्वमा रहेका देहाय बमोजिमका सम्पत्तिहरुबाट राष्ट्रको आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रमा देहाय बमोजिमको योगदान भइरहेको छ ।

क. ट्रष्टको स्वामित्वमा रहेको पुराना ऐतिहासिक दरबार तथा साँस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धनबाट पर्यटन क्षेत्रमा योगदान पुगेको / पुग्ने ।

ख. गोकर्ण फरेष्ट रिसोर्ट तथा गल्फ क्षेत्रको विकासबाट राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रलाई आकर्षण गरी पर्यटन प्रवर्धनका साथ आर्थिक सामाजिक क्षेत्रमा योगदान पुगेको ।

ग. काठमाडौं प्लाजा कमलादी, बिजनेस पार्क टेकू, लाजिम्पाट स्थित स्टान्डर्ड चार्टर्ड बैंक लगायतका ट्रष्टको स्वामित्वमा रहेका भवन आदिबाट राष्ट्रको आर्थिक कृयाकलापमा सहयोगी भूमिका निर्वाह गरेको ।

घ. चुलिवन धनकुटा, नागार्जुन, थान्सिङ्ग बगैंचा, दियालो बंगला परिसर, गोकर्ण जङ्गल, रत्न मन्दिर परिसरको हरियाली क्षेत्रको संरक्षणले वातावरण संरक्षणमा योगदान पुगेको ।

ङ. शिक्षा तथा स्वास्थ्यमा योगदान गर्न हेतु ट्रष्ट कोष वृद्धि हुँदै गएको ।

च. ट्रष्टको स्वामित्वमा आउने अवस्थाका जग्गा, नगद, शेयर लगायत प्राप्त हुने क्रम जारी रहेको र ट्रष्ट कोषमा थपिँदै गएको ।

आ.व. २०७२/२०७३ मा भएका मुख्य मुख्य उपलब्धिहरु

१. भक्तपुर राधे राधे पछाडि र काठमाडौं ताहाचलमा गरी ८-७-२-० रोपनी मूल्यवान जग्गा पत्ता लागेको र ट्रष्टको स्वामित्वमा ल्याउने प्रक्रियामा रहेको,

२. स्टयानडर्ड चार्टर्ड बैंकमा पत्ता लागेको यु.एस. $ १३७०१४.६० रकम नेपाल ट्रष्टको स्वामित्वमा ल्याइएको,

३. चितवन दियालो बंगला परिसरका ढला पडा र सुखा खडा रुखहरुको लिलाम बडाबड बाट करिव ८० लाख आम्दानी गरी ट्रष्ट कोषमा जम्मा गरिएको,

४. पोखरास्थित रत्नमन्दिर, चितवनस्थित दियालो बंगला र हेटौंडास्थित कान्ति इश्वरी गृहको एतिहासिक र पुरातात्विक महत्व सर्वसाधारणलाई अवलोकन गर्न दिने र ट्रष्टको आय समेत बढाउने गरी स-शुल्क प्रवेश खुला गरिएको,

५. कास्कीस्थित हिमा गृह र रत्न चोकको जग्गा, चितवन दियालो बंगला परिसर बाहिरको जग्गा र बालाजु बाइपासको जग्गा ट्रष्टलाई आम्दानी हुने गरी पहिलो पटक भाडामा लगाउने प्रक्रियामा लागिएको,

६. दरबारमार्ग, कमलादी, ताहाचल-सोल्टीमोड र हेटौडा स्थित कान्ति इश्वरी गृह परिसरका जग्गाहरु BOT मोडलमा लिज भाडामा लगाउने गरी पहिलो पटक प्रक्रिया सुरु गरिएको,

७. नेपाल ट्रष्टको कार्यालयको कार्यालय भवन निर्माणको काम सुरु गरिएको,

८. आ.व. २०७२/२०७३ मा विभिन्न श्रोत (भाडा, लिज भाडा, बैंक ब्यालेन्स ब्याज, शेयर डेभिडेन्ट आदि) बाट करिब रु. ७,१०,३८,७५६।५५आम्दानी गरी कोषमा जम्मा गरिएको,

९. धनकुटा स्थित ट्रष्ट अन्तर्गत रहेको चुलिवनको जग्गा निजामती आवासीय विद्यालय संचालन गर्न ५ वर्षको लागि सम्झौता गरी भाडामा लगाइएको ।

## (ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद



कार्यालय प्रमुखः भीम प्रसाद उपाध्याय, कार्यकारी सचिव

फोन नं. ४२२७७५९ मोबाइल नं. ९८५११०४०५७



सूचना अधिकारीः अशोक प्रसाद भट्टराई, उप सचिव (प्रा)

मोबाइल नं. ९८४१४८२०७७

ईमेलः bhattaraiashok@yahoo.com

## (ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

नेपालको अन्तरिम संविधान २०६३,

नेपाल ट्रष्ट ऐन, २०६४

निजामती सेवा ऐन, २०४९

सार्वजनिक खरिद ऐन, २०६३

सार्वजनिक खरिद नियमावली, २०६४

सूचनाको हक सम्बन्धी ऐन, २०६४

सूचनाको हक सम्बन्धी नियमावली, २०६५

नेपाल ट्रष्ट नियमावली, २०६५

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

**आ.व.२०७१।७२ को**

**(क) आम्दानी**

(१) नेपाल सरकारको अनुदान तर्फः (वार्षिक बजेट): ४,३९,५८,०००।००

(२) ट्रष्ट कोष तर्फः ७,१०,३८,७५६।५५

(३) राजस्व तर्फको आम्दानीः १,९५,०००।००

(४) ट्रष्ट कोषबाट खर्चको लागि आम्दानी : ५०,००,०००.००

(ख) **खर्च**

(१) नेपाल सरकारको अनुदान तर्फः ३,९५,६०,३२१।९०

(२) ट्रष्ट कोष तर्फः ११,५५,६५१।००

**(ग) धरौटी बांकीः** १,०२,३३,९९।०४

**(घ) बेरुजुको अवस्थाः** ..................

आ.व. २०७२/२०७३ मा कोषमा थपिएको कुल रकमः रु. ७,१०,३८,७५६।५५

२०७३ आषाढ मसान्तसम्मको नेपाल ट्रष्ट कोषमा जम्मा रकमः ने.रु. ४१,१७,९५,०९२।०६, US $ १३७०१४.६० र स्टरलिंग पाउण्ड ४७,६५६।३०.

(ङ) लिजमा दिइएका नेपाल ट्रष्टको सम्पत्तिको विवरणः

| सि.नं. | सम्पत्तिको विवरण | लिज अवधि (सम्म) | अन्तिम लिज रकम प्राप्त भएको मिति (आ.व. २०७२/२०७३ को) | लिज रकम (वार्षिक) |
|---|---|---|---|---|
| १। | गोकर्ण फरेष्ट रिसोर्ट | सन् १९९५/०८/१६ देखि २०२५/०८/१५ (३० वर्षको लागि) | २०७२/०४/२९ | • १८ औं देखि २० औं वर्ष सम्म यु.एस. $ १,६०,०००.००<br>• २१ औं देखि २५ औं वर्षसम्म यु.एस. $ २,४०,०००.००<br>• २६औं देखि ३० औं वर्ष सम्म यु.एस. $ २,६०,०००.०० |
| २। | काठमाडौं प्लाजा | वि.सं. २०७७/३/२ | २०७२/४/३२ | • २०६७/३/३ देखि २०७२/३/२ सम्म रु. ६१,००,०००.०० |
| ३। | लाजिम्पाटस्थित स्टयाण्डर्ड चार्टर्ड बैंक रहेको भवन | वि.सं. २०७७/३/२ | २०७२/३/१६ | • १ जुन २०१२ देखि ३१ मई २०१४ सम्म रु. ७५,५६,१४८.००<br>• १ जुन २०१४ देखि ३१ मई २०१६ सम्म रु. ८४,०६,६४८.००<br>• १ जुन २०१६ देखि ३१ मई २०१८ सम्म रु. ९३,४२,२१६.००<br>• १ जुन २०१८ देखि ३१ मई २०२० सम्म रु. १,०३,७१,३२४.००<br>• १ जुन २०२० देखि ३१ मई २०२१ सम्म रु. १,१५,०३,३५६.०० |
| ४। | टेकुस्थित बिजिनेस कम्प्लेक्स | वि.सं. २०८३/१२/२७ | २०७२/१/२९ | • २०६९ देखि २०७३ सम्म रु. ३०,००,०००.००<br>• २०७४ देखि २०७८ सम्म रु. ४०,००,०००.००<br>• २०७९ देखि २०८२ सम्म रु. ५०,००,०००.०० |

भाडा दिइएका नेपाल ट्रष्टको सम्पत्तिको विवरणः

| सि.नं. | सम्पत्तिको विवरण | भाडा (अवधि) | भाडा रकम |
|---|---|---|---|
| १. | सोल्टी आउटडुअर कम्प्लेक्सका सटरहरु | | १७,४८,०००.०० (बार्षिक) |
| २. | रेडक्रसमार्ग स्थित भवन / जग्गा (एक भाग) | २ वर्ष | १८,००,०००.०० (बार्षिक) |
| ३. | रेडक्रसमार्ग स्थित भवन /जग्गा (दोस्रो भाग) | २ वर्ष | २७,००,२०.०० (वार्षिक) |
| ४. | रेडक्रसमार्ग स्थित भवन /जग्गा (तेस्रो भाग) | | ४,००,००० (मासिक)का दरले श्रमग्राम कार्यालय काठमाडौंलाई २०७१ भदौबाट भाडा मा दिइएकोमा हालसम्म १,०८,००,००० पुरै बक्यौता रहेको । |
| ५. | कमलादी स्थित भवन /जग्गा | | ५५,८७३.२० (मासिक) |
| ६. | धनकुटा स्थित ट्रष्ट अन्तर्गत रहेको चुलिवनको जग्गा | ५ वर्ष | |
| | | | |

**छ) ट्रष्टको नाममा रहेको शेयर जम्माः**

नविल बैंकः २,५७,६४२ कित्ता

अन्नपूर्ण होटलः ३०७२० कित्ता

नेपाल इन्डष्ट्रियल बैंकः ६७५० कित्ता

**ज) ट्रष्टको नाममा रहेको रकमको विवरणः**

नेपाली रुपैंया जम्माः रु. ४१,१७,९५,०९२।०६

बैदेशिक मुद्रा (प्रभु बैंकमा)ः स्टरलिंग पाउण्ड £ ४७,६५६।३०

बैदेशिक मुद्रा (सेन्चुरी बैंकमा)ः यु.एस. $ १३७,०१४।६०

**झ) तोकिय बमोजिमका अन्य विवरणः**

छैन ।

**ञ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेका भए सोको विवरणः**

आ.व. २०७२ श्रावण १ देखि २०७३ असार मसान्त सम्ममा सम्पादन गरेको मुख्य मुख्य कार्यक्रम निम्न बमोजिम छन् ।

नेपाल ट्रष्टको कार्यालयले आ.व. २०७२/२०७३ मा सम्पादन गरेको मुख्य कार्यहरु तथ्यांक सहित देहायका बुँदाहरुमा उल्लेख गरिएको छ ।

क) तत्कालिन राजपरिवारको नाममा रहेको अचल सम्पत्ति (जग्गा/जमिन) खोजविनको क्रममा १० वटा जिल्ला--गोर्खा, लम्जुंग, बाँके, बर्दिया, कैलाली, कंचनपुर, बारा, रुपन्देही, दांग र झापामा सघन सम्पत्ति खोजविन कार्यक्रम सम्पन्न गरिएको। अघिल्लो आ.व. मा सघन सम्पत्ति खोजविनमा पत्ता लागेको ललितपुर गोदामचौरस्थित ८-१०-३-० रोपनी, कास्की पोखरास्थित ७-६-३-० रोपनी, सिन्धुपाल्चोक थांगपाल्धापस्थित २७-१३-१-१ रोपनी र काठमाडौं ठमेलस्थित ०-७-०-२ रोपनी जग्गाको जग्गाधनीपुर्जा मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाल ट्रष्टको नाममा ल्याइएको।

ख) बानेश्वर को स्ट्याण्डर्ड चार्टर्ड बैंकमा पत्ता लागेको र H.M. Treasury Department नामको खातामा रहेको अमेरिकी डलर १३७०१४।६० मन्त्रिपरिषद्को निर्णय बमोजिम नेपाल ट्रष्टको नाममा कायम गरी कोषमा जम्मा गरिएको।

ग) नेपाल ट्रष्ट ऐन, २०६४ को उद्देश्य बमोजिम नुवाकोट, धादिंग र चितवन स्थित ट्रष्ट अन्तर्गतका अचल सम्पत्ति सदुपयोग गर्ने विषयमा अन्तरक्रिया/छलफल कार्यक्रम गरिएको।

घ) नेपाल ट्रष्टको स्वामित्वमा रहेका भवन निर्माण/मर्मत सम्भार अन्तर्गत देहाय बमोजिमको प्रगति रहेको छः

   क) गोकर्णस्थित गोकर्ण फरेष्ट रिसोर्ट रहेको जग्गामा र नुवाकोट स्थित जग्गामा बाउन्डरी वाल पुननिर्माण गरिएको ।

   ख) कास्की पोखरास्थित हिमा गृह र चितवन दियालो बंगलाको मर्मत सम्भार कार्य सम्पन्न गरिएको । साथै पोखरा रत्न मन्दिरको रेट्रोफिटिंग मर्मत कार्य सम्पन्न गरिएको।

   ग) गोकर्णस्थित जग्गामा नाली निर्माण कार्य सम्पन्न गरिएको।

   घ) कमलादीस्थित ट्रष्टको जग्गामा ट्रष्टको कार्यालय भवन निर्माणको कार्य सुरु गरिएको।

ङ) नेपाल ट्रष्ट ऐनमा भएको प्रावधान अनुसार  अघिल्लो आ.व. को वार्षिक प्रतिवेदन र सम्पत्ति विवरण अभिलेख प्रकाशन गरिएको ।

च) कमलादी, हेटौंडा, ताहाचल सोल्टीमोड  र दरबारमार्गस्थित ट्रष्ट स्वामित्वमा रहेका जग्गाहरु BOT मोडलमा लिज भाडामा लगाउने गरी प्रक्रिया प्रारम्भ गरिएको ।

छ) काठमाडौं, पोखरा र हेटौंडास्थित ट्रष्ट स्वामित्वका जग्गाहरुको मुल्यांकन (Assets Valuation) गर्ने काम सम्पन्न गरेको ।

ज) नेपाल ट्रष्टको स्वामित्वमा रहेका धनकुटा, सुर्खेत, नुवाकोट, धादिंग र सिन्धुपाल्चोकस्थित जग्गाहरुको सिमांकन कार्य सम्पन्न गरिएको ।

झ) धनकुटास्थित निजामती आवासीय विद्यालयसँग भाडा सम्झौता सम्पन्न गरिएको, साथै फर्पिंगस्थित त्रिभुवन आदर्श मा.वि. संचालनमा नेपाल ट्रष्ट समेत प्रमुख संचालक रहने गरी विधानको प्रारम्भिक मस्यौदा तयार गरिएको ।

ञ) नेपाल ट्रष्टको प्रचार प्रसार सम्बन्धी कार्यहरु गरिएको ।

**ट) सार्वजनिक निकायको वेभसाइट भए सोको विवरणः**

नेपाल ट्रष्ट कार्यालयको दैनिक प्रशासनिक, प्राविधिक तथा आर्थिक गतिविधिहरु बारे सहज रुपमा सेवा प्रदान गर्रे उद्देश्यले कार्यालयले www.nepaltrust.gov.np वेभसाइट प्रयोगमा ल्याएको छ । यसबाट प्राप्त गर्न सकिने सेवा र सुविधाहरु निम्न बमोजिम छन् ।

१. कार्यालयको परिचय
२. कार्यालयको स्वामोत्वमा रहेको सम्पत्तिहरूको विवरण तथा उपयोग सम्बन्धी जानकारी
३. कार्यालयले जारी गर्ने सूचना तथा प्रतिवेदनहरु
४. कार्यालयबाट संचालन बह्येका विभिन्न कार्यक्रमहरुको जानकारी
५. सेवाग्राहीको सुझाव र सल्लाह लिन मिल्ने गरी परिमार्जन गरिएको

**ठ) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**

माथि उल्लेखित कुनै प्रकारको बैदेशिक सहायता नरहेको ।

**ड) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

**ढ) सार्वजनिक निकायले बर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

प्रचलित सूचना बर्गीकरण कानून अनुसार गर्ने गरिएको ।

**न) सार्वजनिक निकायका सूचना अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः**

१. नेपाल ट्रष्टको वार्षिक प्रतिवेदन
२. वार्षिक रुपमा प्रकाशित हुने सम्पत्ति विवरण अभिलेख
३. ट्रष्ट कार्यालय अन्तर्गतको रत्न मन्दिर, कास्की पोखराको को ब्रोसर
४. नेपाल ट्रष्टको ब्रोसर

**प) सूचनाको हक अन्तर्गत सूचना माग भएको विवरणः**

यस अवधिमा नरहेको ।